कृष्णपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर
७ नं प्रदेश, नेपाल

महेश बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत
२०७४/११/३०

## एम्बुलेन्स खरिद सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७४/११/३०**

यस कृष्णपुर नगरपालिकाको लागि Tender document मा तोकिएको स्पेसिफिकेसन बमोजिमको एम्बुलेन्स थान- १ दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएको हुदाँ नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक कम्पनीहरु/ अधिकृत बिक्रेताहरुबाटनिम्न शर्तहरुको अधिनमा रही रितपूर्वक दरभाउपत्र आह्वान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फारम खरिद गर्न चालु आर्थिक वर्ष का लागि नबिकरण भएको ईजाजतपत्र, आयकर दर्ता, मु.अ.कर दर्ता र आ.ब. २०७३/०७४ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निबेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने) तिरी ईच्छुक दरभाउपत्र दाताले२०७४/१२/१४ गते सम्म (सो दिन बिदा परेमा आर्को दिन) यस नगरपालिका बाट खरिद गर्न सकिनेछ।

२. खरिद भएका दरभाउपत्रहरु २०७४/१२/१५ गते(सो दिन बिदा परेमा आर्को दिन)दिनको १२:०० बजे भित्र शिलबन्दि लाहाछाप गरी खाममा विवरण प्रस्ट खुलाई यस नगरपालिकामा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र हरु सोहि दिनको २:०० बजे उपस्थित दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु र नगरपालिका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलापत्रदाताहरु वा निजको प्रतिनिधि नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोहि समयानुसार हुनेछ।

४. दरभाउपत्र का साथ जमानत बापतको तपशिल बमिजिमको रकम राष्ट्रिय बाणिज्य बैंककोयस नगरपालिकाको खाता नम्बर ४१८०३०३००७१०५ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको धरौटी रकम कम्तिमा ७५ दिन सम्म म्याद भएको "क" श्रेणीको बाणिज्य बैंकको जमानी पत्र (विडबन्ड) संलग्न राखी पेश गर्नुपर्नेछ। शिलबन्दि दरभाउपत्र को मान्य अबधि ४५ दिनको हुनेछ। शिलबन्दीको दरभाउपत्र संग आधिकारिक कागजातहरु (ब्रुसर आदि ) संग्लग्न गर्नु पर्ने छ।

५. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन।

६. दरभाउपत्र दाताबाट दरभाउपत्र मा उलेखित मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ। दररेट अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र स्वीकृत भएपछि कबोल गरेको अंकको ५ % ले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाटयस नगरपालिकाको नाममा जारि गरिएको कार्यजमानतपत्र(Performance Bond) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ।

९. दरभाउपत्र सम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस नगरपालिकामा सम्पर्क राख्न सकिनेछ।

१०.यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपालको कानुन बमोजिम हुनेछ।

११.दरभाउपत्र को कामको विवरण निम्न अनुसारको हुनेछ।

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | परिमाण | न्युनतम बिड सेक्युरिटी रकम | दस्तुर |
|---|---|---|---|---|---|
| १ | १४/२०७४/०७५ | एम्बुलेन्स खरीद | १(एक) | ३७,५००|- | १,०००|- |

प्रमुख प्रशासकीय अधिकृत